कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# रिडी पावर कम्पनी लिमिटेड
# RIDI POWER COMPANY LTD.

रजिष्ट्र्ड कार्यालय, का.म.न.पा. ११, ट्रेड टावर, थापाथली, पोष्ट वक्स नं. २१८३९, काठमाडौं, नेपाल
फोन नं. ०१-५१११०१५,९८४१२३४५६७, वेभसाईट: www.ridipower.com.np, ईमेल : ridipower@gmail.com

को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

हाल कायम चुक्ता पूँजी रु.१,५४,८९,०१,२००/- (अक्षरेपी एक अर्ब चौवन्न करोड उनान्नब्बे लाख एक हजार दुई सय मात्र) बराबरको प्रति शेयर रु.१००।- अंकित दरका.१,५४,८९,०१२ (अक्षरेपी एक करोड चौवन्न लाख उनान्नब्बे हजार बाह्र मात्र ।) कित्ता साधारण शेयरको १ : ०.५० (अर्थात विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.५० कित्ता साधारण शेयर) को अनुपातमा रु.७७,४४,५०,६००/- (अक्षरेपी सत्तर करोड चवालिस लाख पचास हजार छ सय मात्र) बराबरको प्रति शेयर १००/- अंकित दरका ७७,४४,५०६ (अक्षरेपी सत्तर लाख चवालिस हजार पाँच सय छ मात्र।) कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

**संस्थाको विगत तीन वर्ष र प्रक्षेपित तीन वर्षको प्रमुख वित्तीय सुचक:**

| विवरण | वास्तविक | | | अपरिस्कृत* | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७७/०७८ | आ.व. ०७८/०७९ | आ.व. ०७९/०८० | आ.व.०८०/०८१ पौष मसान्त | आ.ब. ०८०/०८१ | आ.ब. ०८१/०८२ | आ.ब. ०८२/०८३ |
| प्रति शेयर नेटवर्थ (रु.) | ११२.६५ | १४९.६९ | १०२.२२ | ९६.२५ | १०९.७० | ११५.९० | १२२.४५ |
| प्रति शेयर आम्दानी (रु.) | १२.४७ | ४३.६२ | (३.१९) | (११.९६) | ७.४६ | ६.२० | ६.५५ |
| संचित नाफा/(नोक्सान) (रु.हजारमा) | ७४,०७५ | ५४९,७८६ | ३४,५०१ | (५८,१०७) | २२५,३४८.५७ | ३६९,४११.५२ | ५२१,५०५.२१ |

* नोट: व्यवस्थापनबाट प्रमाणित आ.व. २०८०/८१ पौष मसान्तको अपरिस्कृत वित्तीय विवरण ।

दरखास्त साथ प्रति साधारण शेयर रु. १००/– का दरले शत प्रतिशत भुक्तानी माग गरिएको ।

**निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण:**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र वोर्डमा "धितोपत्र सम्वन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं । सो बारे यस विवरणको दफा (स), पृष्ठ ३२ मा उल्लेख गरिएको छ ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकाले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सुचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मुल्य नजानाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (थ), पृष्ठ नं.२४ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**रेटिङ सम्बन्धि विवरण:**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्ग नेपाल लि., पुतलीसडक ,काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई **"CARE-NP BB+(Is) [Double B Plus (Issuer)"** रेटिङ्ग प्राप्त गरेको छ । जसले कम्पनीको moderate risk of default regarding timely servicing of financial obligation रहेको जनाउँछ । सो रेटिङ्गको बैद्यता अवधि एक वर्ष रहने छ ।सो सम्बन्धी विवरण यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (व), पृष्ठ नं.३० मा उल्लेख गरिएको छ ।

रेटिङ्ग प्रदान गरेको मिति : २०८० अषाढ २४, (जुलाई ९, २०२३)

रेटिङ्ग बहाल रहने अवधि मिति : २०८१ अषाढ २२, (जुलाई ६, २०२४)

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०८०/०९/१९**

**निष्काशन खुल्ला हुने मिति : २०८०/११/१८ गते**

**निष्काशन बन्द हुने मिति : २०८०/१२/०८ गते (बैंकिङ्ग समय पश्चात्)**

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

**मुक्तिनाथ क्यापिटल लि.**
**MUKTINATH CAPITAL LTD.**
A Subsidiary of Muktinath Bikas Bank Ltd.

प्रधान कार्यालय,नारायणचौर नक्साल, काठमाण्डौं ।
फोन नं.: ४५४६१०८/०९/४५४६४७०
इमेल: info@muktinathcapital.com,
वेभसाइट : www.muktinathcapital.com

**क.** **संगठित संस्थाको नाम** :रिडी पावर कम्पनी लिमिटेड (Ridi Power Company Limited)

**ख.** **संगठित संस्थाको रजिष्टर्ड कार्यालय** : कम्पनीको रजिष्टर्ड ठेगाना का.म.न.पा.वडा नं. ११, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौंमा रहेको छ । आवश्यक भएमा कम्पनीले रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरू खोल्न सक्नेछ ।

**ग.** **कारोवार स्थान** : यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय का. म. न. पा. वडा नं. ११, ट्रेड टावर, थापाथली, काठमाडौं, आयोजनास्थल रुरु गा. वि. स. वडा नं. ७, गुल्मी, तिलोत्तमा न.पा. वडा नं ०६, याङ्वारक गा.पा. वडा नं.४ पाँचथर तथा थाक्रे गा.पा. वडा नं.४ धादिङमा अवस्थित छ । सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ ।

**घ.** **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**कम्पनीको संक्षिप्त परिचय :**

कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले नेपाली निजिक्षेत्रका उद्यमीहरु मिलेर रिडी हाईड्रोपावर डेभलपमेण्ट कम्पनी प्राइभेट लिमिटेड २०५७ आश्विन ३० गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार संचालन गर्दै आएको कम्पनी हो । यस कम्पनीमा व्यापक जनसहभागीता बिस्तार गर्ने हेतुले २०६५ साल श्रावण २० गतेका दिन कम्पनीलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको हो ।

कम्पनीमा स्थापना कालमा २८६ जना संस्थापक शेयरधनी रहनु भएको थियो । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ५१ प्रतिशत संस्थापक शेयर विभिन्न संस्था तथा व्यक्तिहरुले, १० प्रतिशत उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले र ३९ प्रतिशत सर्वसाधारणमा निष्काशन तथा बाँडफाँड गर्ने व्यवस्था रहे बमोजिम निष्काशन तथा बाँडफाँड गरिएको थियो । मिति २०७१ सालदेखि कम्पनीको संस्थापक शेयरको लकईन पिरियड समाप्त भएकाले हाल संस्थापक समुहका शेयरहरु साधारण शेयर सरह कारोबार भै रहेकाले कम्पनीमा साधारण शेयर समुह मात्र रहेको छ ।

एउटै उद्देश्य र लक्ष्य बोकेर स्थापना भएका विभिन्न बैंकहरु आपसमा गाभिदा सकारात्मक प्रभाव (Synergetic effect) सहितका बलिया बैंकहरु स्थापना भए जस्तै विद्युत उत्पादनमा संलग्न कम्पनीहरु पनि एक आपसमा गाभिइ अझै बलियो र दिगो हुने साथै गाभिंदा कम्पनीका प्रशासनीक झै झन्झटहरु कम हुने, प्रशासनिक लागत नियन्त्रणमा आउने, पूँजी र प्रतिफल एकत्रित हुने, थुप्रै प्रशासनिक खर्चहरु घट्ने हुँदा प्रतिफलको मात्रा बढ्ने र सो कारणबाट नेपाल सरकारको राजश्वमा अभिवृद्धि हुने, र पुन उत्पादनशील क्षेत्रमा गरिने लगानी बढ्न जाने हुँदा समग्र आर्थिक परिसूचकहरु सकारात्मक हुने, अनुभव र शिपको आदान प्रदानले कम्पनीको उत्पादकत्वमा वृद्धि हुन सक्ने, नेपाल सरकारका कार्यालयहरुको प्रशासनिक कार्यमा समेत केही सहजता हुने अपेक्षा गरि साविकको रैराङ हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड लाई गाभेर एकिकृत रुपमा मिति २०७९/०३/३१ बाट संयुक्त रुपमा रिडी पावर कम्पनी लिमिटेडबाट कारोबार सञ्चालन गर्दै आएको छ ।

दुवै कम्पनी एक आपसमा गाभिदा कम्पनीलाई एउटै अफिस, एउटै वोर्ड तथा सोही बमोजिमको संरचनागत व्यवस्था समेतलाई मध्यनजर गर्दा, कम्पनीको प्रशासनिक खर्च नियन्त्रण सहितको व्यवस्थापकीय सुधारबाट कम्पनीको मुनाफामा अभिवृद्धि हुने, बजारमा कम्पनीको ख्याति अझै बढ्ने भएको हुँदा प्रत्यक्ष रुपमा शेयरधनीहरु लाभांशका हिसाबले, ख्यातिका हिसाबले तथा शेयर मूल्य बृद्धि भई हुने पूँजीगत लाभका हिसाबले शेयरधनीहरु र त्यसमा काटिने पूँजीगत लाभकर लगायतका करका हिसाबले राज्यलाई समेत फाइदा पुगेको छ ।
मूल रुपमा दुवै कम्पनीका संचालक समितिहरु तथा दुबै कम्पनीका शेयरधनीहरुले रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड र रैराङ हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड एक आपसमा गाभिदा परियोजनाको संचालन लागत घट्ने तथा विभिन्न हिसाबले दुवै कम्पनीका शेयरधनी तथा लगानीकर्ताहरु लाभान्वित हुने अनुमान गरि कम्पनी एक आपसमा गभिने सम्बन्धमा विधिवत् निर्णय गरेको हुँदा पनि दुवै कम्पनीहरु एक आपसमा गाभिनु औचित्य पूर्ण रहेको हो ।

यसरी दुवै कम्पनीको मर्जरपश्चात संयुक्त रुपमा ठुलो पुँजिले ठुला आयोजना बनाउने हेतुले आयोजनाको पहिचान गर्ने क्रममा तल्लो बलेफि जलविद्युत आयोजनाको पहिचान गरि सभ्फा पावर कम्पनी मार्फत आयोजना निर्माण गर्ने लक्ष्यसाथ कम्पनी अगाडी बढेको छ ।

कम्पनीको हाल संचालनमा रहेको आयोजनाहरुको विवरण

### (१) रिडी खोला साना जलविद्युत अयोजना (२.४ मे.वा.)

यस रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले पाल्पा तथा गुल्मी जिल्लाहरुको सिमाना भइ बहने रिडीखोलामा २,४०० किलोवाट क्षमताको रिडी खोला जलविद्युत आयोजना निर्माण सम्मन्न गरी मिति २०६६/०७/१० देखि सञ्चालन भइरहेको छ । यस आयोजनाबाट उत्पादित विद्युत उर्जा एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६३/०५/०८ गते विद्युत खरीद बिक्री सम्झौता भएको छ । यस आयोजनाको व्यवसायिक उत्पादन मिति २०६६ कार्तिक १० गते हो भने यस आयोजनाको अनुमति-पत्रको अवधि बि.स. २०६४/०२/१७ देखि २०९९/०२/१६ सम्म रहेको छ ।

| कुल लागत (रु.) | जम्मा ऋण (रु.) | बक्यौता ऋण (रु.) | ऋण उपभोग शुरु मिति | ऋण भुक्तान अवधि |
|---|---|---|---|---|
| ४३,९२,४३,८५० | २७,४८,९०,४६२ | ० | २०६४/७/१५ | १३ |

आयोजनाबाट उत्पादित विद्युत परिमाण, बिक्रि दर तथा आय सम्बन्धी विवरण देहाय बमोजिम रहेकोछ :

| महिना | ऊर्जा परिमाण (सम्झौता अनुरुप) | ऊर्जा परिमाण (विद्युत उत्पादन) | दर (रु.) | आय विवरण (रु.) |
|---|---|---|---|---|
| आ.व.२०७९/०८० | | | | |
| श्रावण | १,७५१,०४० | १,१९३,८१८ | ३.९ | ४,६५३,८२१ |
| भाद्र | १,६९६,३२० | १,००९,३७९ | ३.९ | ३,९३३,६०२ |
| आश्विन | १,६४१,६०० | ८१२,५२७ | ३.९ | ३,१५९,६६५ |
| कार्तिक | १,६४१,६०० | १,३१७,७७० | ३.९ | ५,१३७,६६४ |
| मंसिर | १,६४१,६०० | १,२७०,११६ | ३.९ | ४,९५२,९५० |
| पौष | १,३३९,७८७ | १,१७१,५०८ | ५.५२ | ६,४६२,६१३ |
| माघ | ८६३,१२३ | १,०९१,०६२ | ५.५२ | ४,७६३,०८२ |
| फाल्गुण | ६५०,७६३ | ९४२,०९९ | ५.५२ | ३,८८२,४९६ |
| चैत्र | ६२१,६३६ | ८६३,२७० | ५.५२ | ४,०९७,२७१ |
| वैशाख | ७९३,४२५ | ७३७,४११ | ३.९ | २,८७४,७८४ |
| जेष्ठ | १,३९६,२५४ | ५६०,५११ | ३.९ | २,१८४,८९० |
| आषाढ | १,६९६,३२० | ७४१,३२६ | ३.९ | २,८८३,३३९ |
| आ.व.२०८०/८१ | | | | |
| श्रावण | १३,८२,४०० | १३,३१,४०५ | ३.९ | ५१,८९,७३४ |
| भाद्र | १४,८८,००० | १३,०९,९८१ | ३.९ | ५१,०६,०८२ |
| आश्विन | १४,४०,००० | १२,२९,७४८ | ३.९ | ४७,९४,५४३ |
| कार्तिक | १४,४०,००० | १३,२६,५३८ | ३.९ | ५१,६९,५७८ |
| मंसिर | १४,४०,००० | १३,३६,९३३ | ३.९ | ५२,१३,३४९ |
| पौष | १३,२२,४०० | ११,८१,९४७ | ५.५२ | ६५,२३,७६९ |

| आयोजना | रोयल्टि बृद्धि हुने आ.ब. |
|---|---|
| रिडी खोला साना जलविद्युत अयोजना (२.४ मे.वा.) | २०८२/८३ |

| आयोजना | शत प्रतिशत आयकर छुट अवधि | ५० प्रतिशत आयकर छुट अवधि | सामान्य कर लागु |
|---|---|---|---|
| रिडी खोला साना जलविद्युत अयोजना (२.४ मे.वा.) | २०६६/६७ देखि २०७६/७७ | २०७६/७७ देखि २०८०/८१ | २०८१/८२ |

### (२) बुटवल सौर्य परियोजना (८.५ मे.वा.)

रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले दोस्रो आयोजनाको रुपमा रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिका वडा नं. १ मा ८,५०० किलोवाट क्षमताको बुटवल सौर्य आयोजना निर्माण गरि मिति २०७७ साल कार्तिक १५ गतेबाट व्यवसायिक उत्पादन गर्दै आएको छ । यो आयोजना श्री शान्ति नमुना माध्यामिक बिद्यालयबाट ३० बर्षका लागि भाडामा लिइएको २८ बिगाहा जग्गामा निर्माण भएको हो । यो आयोजना जलबिद्युत आयोजनाहरु जस्तो नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्ने छैन भने यस आयोजनाको बिद्युत बिक्री सम्झौता नेपाल विद्युत प्राधिकरण सँग २५

बर्षका लागि भएको छ । यस आयोजनाबाट प्राप्त हुने विद्युत प्रति युनिट ७।३० को स्थिर दरले बिक्री हुँदै आएको छ । यस आयोजनाले अपेक्षित रुपमा बिद्युत उत्पादन गर्दै आएको छ ।

| कुल लागत (रु.) | जम्मा ऋण (रु.) | बक्यौता ऋण (रु.) | ऋण उपभोग शुरु मिति | ऋण भुक्तान अवधि |
|---|---|---|---|---|
| ७२,९२,६०,४३० | ४०,४९,१९,४९० | ३८,४०,७५,२५२ | २०७६/०५/१७ | ११ |

आयोजनाबाट उत्पादित विद्युत परिमाण, बिक्रि दर तथा आय सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

| महिना | ऊर्जा परिमाण | ऊर्जा परिमाण | दर (रु.) | आय विवरण (रु.) |
|---|---|---|---|---|
| | (सम्झौता अनुरुप) | (विद्युत उत्पादन) | | |
| आ.व.२०७९।०८० | | | | |
| श्रावण | १,१६६,४४५ | १,२१०,३४० | ७.३ | ८,४६६,६४७ |
| भाद्र | १,१३०,२४५ | १,१६९,७८० | ७.३ | ८,१९७,५३० |
| आश्विन | १,१५३,६३४ | १,०५५,८०० | ७.३ | ७,५७१,७७२ |
| कार्तिक | १,०८८,५४२ | १,१९३,२३० | ७.३ | ७,९००,६७२ |
| मंसिर | ९६४,३३२ | १,०६७,९६० | ७.३ | ६,९९२,२१२ |
| पौष | ९३९,०६८ | ९३७,०३० | ७.३ | ६,७००,६८२ |
| माघ | ९७६,७०९ | ८९७,०३० | ७.३ | ६,४२४,६९६ |
| फाल्गुण | १,२६९,४५८ | १,२७५,०९० | ७.३ | ९,१५७,०२२ |
| चैत्र | १,४८३,२६५ | १,४१३,७२० | ७.३ | १०,२८०,०६५ |
| वैशाख | १,५६२,२०० | १,३२७,५४० | ७.३ | ९,६४९,९४७ |
| जेष्ठ | १,४५१,६०६ | १,४५६,०१० | ७.३ | १०,४७१,१८० |
| आषाढ | १,३२५,१०९ | १,१४५,१०० | ७.३ | ८,२३५,९०० |
| आ.व.२०८०।८१ | | | | |
| श्रावण | १,१६६,४४५ | १०,५९,२५० | ७.३ | ७६,०७,७०२ |
| भाद्र | १,१३०,२४५ | ११,१७,५५० | ७.३ | ८०,३०,९०७ |
| आश्विन | १,१५३,६३४ | १०,७४,२८० | ७.३ | ७७,१९,१४३ |
| कार्तिक | १,०८८,५४२ | ११,८३,३३० | ७.३ | ८२,५०,५९६ |
| मंसिर | ९,९७,५८४ | १०,०९,१५० | ७.३ | ७२,३८,९२४ |
| पौष | ९,३९,०६८ | ९,१४,३०० | ७.३ | ६५,५०,३४७ |

| आयोजना | रोयल्टि बृद्धि आ.ब. |
|---|---|
| बुटवल सौर्य परियोजना (८.५ मे.वा.) | रोयल्टि नलाग्ने |

| आयोजना | शत प्रतिशत आयकर छुट अवधि | ५० प्रतिशत आयकर छुट अवधि | सामान्य कर लागु |
|---|---|---|---|
| बुटवल सौर्य परियोजना (८.५ मे.वा.) | २०७७/७८ देखि २०८७/८८ | २०८८/८९ देखि २०९२/९३ | २०९३/९४ |

### (३) इवा खोला परियोजना (९.९ मे.वा.)

रैराङ हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले पाँचथर र ताप्लेजुङ जिल्लाहरुको सीमाना भइ बहने इवा खोलामा ९,९०० किलोवाट क्षमताको इवा खोला जलविद्युत आयोजना निर्माण सम्पन्न गरि सञ्चालनमा रहेको छ । यस आयोजनाबाट उत्पादित विद्युत उर्जा एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०७०/०१/२९ गते विद्युत खरीद बिक्री सम्झौता भएको छ । यस आयोजनाको व्यवसायिक उत्पादन मिति २०७६ आश्विन २० गते हो भने यस आयोजनाको अनुमति-पत्रको अबधि बि.स. २०७२/०३/२८ देखि २१०७/०३/२७ सम्म रहेको छ ।

| कुल लागत (रु.) | जम्मा ऋण (रु.) | बक्यौता ऋण (रु.) | ऋण उपभोग शुरु मिति | ऋण भुक्तान अवधि |
|---|---|---|---|---|
| १,९३,९२,१५,७३९ | १,३१,०७,५७,००० | १,२२,६१,६४,१९६ | २०७३/०५/१७ | १५ |

आयोजनाबाट उत्पादित विद्युत परिमाण, बिक्रि दर तथा आय सम्बन्धी विवरण देहाय बमोजिम रहेकोछ :

| महिना | ऊर्जा परिमाण (सम्झौता अनुरुप) | ऊर्जा परिमाण (विद्युत उत्पादन) | दर (रु.) | आय विवरण (रु.) |
|---|---|---|---|---|
| आ.व.२०७९/०८० | | | | |
| श्रावण | ६,९९९,५९५ | - | - | - |
| भाद्र | ६,९९९,५९५ | ३,९९३,१०० | ५.०९ | २०,३१३,५०० |
| असोज | ६,९९९,५९५ | ६,६१०,४२० | ५.०९ | ३३,६७३,५३४ |
| कार्तिक | ६,५२४,७६२ | ४,३९७,१६० | ५.२३ | २२,९९५,३११ |
| मंसीर | ३,९७८,९७८ | २,७१९,७६० | ५.२३ | १४,२१६,००८ |
| पौष | २,८६०,९३१ | १,७९५,६६० | ९.१६ | १६,४१०,५२४ |
| माघ | २,०९०,६४९ | १,१९२,३१० | ९.१६ | १०,८९४,६५० |
| फागुन | १,८९८,५१० | १,०८१,४५० | ९.१६ | ९,८७८,९७५ |
| चैत्र | २,०११,२३२ | २,०५६,७४० | ९.१६ | १८,८३७,५९० |
| बैशाख | ३,५४८,५७१ | २,५६५,५५० | ५.२३ | १३,०५८,१७४ |
| जेठ | ५,४८७,१४७ | ४,०९१,७९० | ५.२३ | २०,८२१,९२६ |
| असार | ७,२२५,३८९ | - | - | * |

*मिति २०८० अषाढ ०१ गते आएको बाढीका कारणले आयोजना बन्द रहेको अवधि

| आयोजना | रोयल्टि बृद्धि हुने आ.ब. |
|---|---|
| इवा खोला परियोजना (९.९ मे.वा.) | २०९१/९२ |

| आयोजना | शत प्रतिशत आयकर छुट अवधि | ५० प्रतिशत आयकर छुट अवधि | सामान्य कर लागु |
|---|---|---|---|
| इवा खोला परियोजना (९.९ मे.वा.) | २०७६/७७ देखि २०८६/८७ | २०८७/८८ देखि २०९१/९२ | २०९२/९३ |

## (४) रैराङ खोला साना जलविद्युत परियोजना

रैराङ हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको पहिलो आयोजनाको रुपमा धादिङ जिल्लाको थाक्रे गाउँपालिकामा अवस्थित रैराङ खोलाबाट ५०० किलोवाट क्षमताको रैराङ खोला जलविद्युत आयोजना निर्माण गरि २०६१ साल देखि व्यवसायिक उत्पादन गर्दै आएको छ । यो आयोजना १ मेगावाट भन्दा कम रहेकोले निश्चित अवधिसम्म पश्चात यस आयोजना नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्दैन ।

| कुल लागत (रु.) | जम्मा ऋण (रु.) | बक्यौता ऋण (रु.) | ऋण उपभोग शुरु मिति | ऋण भुक्तान अवधि |
|---|---|---|---|---|
| ५५,६१८,७५४ | २,५०,००,००० | ० | २०६० साल | १२ बर्ष |

आयोजनाबाट उत्पादित विद्युत परिमाण, बिक्रि दर तथा आय सम्बन्धी विवरण देहाय बमोजिम रहेकोछ :

| महिना | ऊर्जा परिमाण (सम्झौता अनुरुप) | ऊर्जा परिमाण (विद्युत उत्पादन) | दर (रु.) | आय विवरण (रु.) |
|---|---|---|---|---|
| आ.व.२०७९/०८० | | | | |
| श्रावण | २५१,५३९ | ११,६४५.०० | ३.९ | ३३,६२७.० |
| भाद्र | २५१,५२९ | ६८,७०३.०० | ३.९ | २५६,४१३.० |
| असोज | २५१,५३९ | ३९,८५६.०० | ३.९ | १४५,१५७.० |
| कार्तिक | २४३,४२५ | ६४,६९०.०० | ३.९ | २३९,४०३.० |
| मंसीर | २३५,३११ | १४३,२३६.०० | ३.९ | ५५६,५३३.० |
| पौष | २४०,०४७ | १२८,६२२.०० | ५.५२ | ७०८,६०५.० |
| माघ | १५३,७२१ | ७७,८२३.०० | ५.५२ | ४२८,२५०.० |
| फागुन | १३४,००९ | ५५,२३७.०० | ५.५२ | ३०१,५६०.० |
| चैत्र | ११०,२११ | ४५,६५४.०० | ५.५२ | २४८,४५७.० |
| बैशाख | ९०,२९६ | ४५,६५४.०० | ३.९ | १७५,५४५.० |
| जेठ | ९७,५७८ | २७,३९६.०० | ३.९ | १००,३१०.० |
| असार | २५९,६५३ | ३९,४११.०० | ३.९ | १५०,३८७.० |
| आ.व.२०८०/०८१ | | | | |

| | | | | |
|---|---|---|---|---|
| श्रावण | २५१,५३९ | ७१,८७८ | ३.९ | २,७३,२३९ |
| भाद्र | २५१,५२९ | २,०१,२५६ | ३.९ | ७,८२,१०१ |
| असोज | २५१,५३९ | १,९६,९८१ | ३.९ | ७,६७,४४८ |
| कार्तिक | २४३,४२५ | १,६६,६५७ | ३.९ | ६,४५,३४० |
| मंसिर | २३५,३११ | १,३८,८५४ | ३.९ | ५,३९,३१७ |
| पौष | २४०,०४७ | ८६,६७० | ५.५२ | ४,७६,४८५ |

यस आयोजना १ मेगावाट भन्दा कम क्षमताको भएका कारणले रोयल्टी लाग्दैन ।

**कम्पनीको उद्देश्य:**

**कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।**

(क) देशमा जलविद्युत शक्तिको विकास गर्न स्वदेशी वा विदेशी संघ-संस्था तथा निजी उद्यमी एंव लगानीकर्ताहरुलाई एकआपसमा आबद्ध गरी विद्युतशक्ति उत्पादन, वितरण, प्रसारण लाइन निर्माण तथा संभार गर्ने ।

(ख) नेपाल विद्युत प्राधिकरण जस्ता समान उद्देश्य भएका अन्य संस्था वा कम्पनीहरूसँग सम्पर्क गरी पारस्परिक हित हुने कार्य गर्ने, विद्युत उत्पादन गरी केन्द्रीय प्रसारण लाईन मार्फत विक्री गर्ने वा अन्य आईपर्ने आवश्यक कार्यगर्न सहयोगात्मक भूमिका निर्वाह गर्ने ।

(ग) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृत लिई नेपालका नदी तथा खोलाबाट विभिन्नस्तरका जलविद्युत आयोजनाको निर्माण गरी संचालन गर्ने । वायुशक्ति, शौर्यशक्ति, फ्यूल प्लान्ट वा अन्य विकसीत प्रविधिसंग सम्बन्धित अनुसन्धान कार्य गर्नुका साथै संभावना देखिएका आयोजनाहरू तर्जूमा गरी विद्युत उत्पादन गर्ने ।

(घ) नेपाल विद्युत प्राधिकरणले संचालन गरेका पुराना जलविद्युत केन्द्रहरू लिजमा लिई पुनः संचालन गर्ने, विद्युत उत्पादन वृद्धीको लागि आवश्यक सम्झौता गर्ने, ठेक्का लिने, विद्युतसंग सम्बन्धित सेवा व्यवसाय गरी विदेशमा विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गरी देश विकासको काममा सहभागी बन्ने ।

(ङ) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याती प्राप्त अन्तर्राष्ट्रिय कम्पनीहरुसँग मैत्रिपूर्ण सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरूमा सम्झौता गर्ने तथा बिचारको आदान-प्रदान गर्ने, सभा, सेमिनारहरूको आयोजना गर्ने तथा देशमा विद्युत शक्तिको विकास गर्नको लागि आवश्यक जनशक्ति तयार गर्ने ।

(च) विद्युत प्रसारणका लागि विभिन्न भोल्टेजका ट्रान्समिसन लाईनहरुको अध्ययन, निर्माण तथा मर्मत संभार सम्बन्धी कामहरु गर्ने ।

(छ) विद्युत सम्वन्धी उपकरणहरु, मेशिन औजारहरु सामान विदेशबाट आयात तथा खरिद गरि उपयोग, बिक्री वितरण गर्ने, एजेन्सीको कार्य गर्ने ।

(ज) जलविद्युत तथा अन्य कम्पनीहरुमा शेयरधनी भई लगानी गर्ने ।

(झ) आवश्यकता अनुसार निम्न विषयहरुमा स्वदेश तथा विदेशमा रही परामर्शको कार्य गर्ने ।

(अ) सिभिल, इलेक्ट्रीकल, मेकानिकल र कम्प्युटर इन्जिनियरिङ्ग सम्बन्धी परामर्श सेवा प्रदान गर्ने ।

(आ) वातावरण, भौगर्भिक, जल तथा मौसम र आर्थिक, सामाजिक वस्तुस्थितिको अध्ययन गरी परामर्श सेवा प्रदान गर्ने ।

(इ) जलविद्युत आयोजनाहरूको पूर्व संभाव्यता, विस्तृत अध्ययन, निर्माण, सुपरिवेक्षण तथा मुल्याङ्कन गर्ने ।

(ई) नविकरणिय उर्जा सम्बन्धी अध्ययन तथा परामर्श गर्ने ।

(उ) जलविद्युत सम्बन्धी आर्थिक तथा सामाजिक अध्ययन तथा विश्लेषण सम्बन्धी परामर्श गर्ने ।

**हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम लगानी गरिने आयोजना सम्बन्धी विवरण**

हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम साझा पावर कम्पनी लिमिटेड मार्फत प्रबर्द्धन गरिने सिन्धुपाल्चोक जिल्लाको बलेफि गाउँपालिकामा अवस्थित २० मेगावाट क्षमताको तल्लो बलेफि जलवद्युत आयोजनाको निर्माणमा लगानी गरिनेछ । उक्त आयोजनाको सम्बन्धि सक्षिप्त विवरण देहाए बमोजिम रहेको छ ।

| **विवरण** | **मिति** |
|---|---|
| सर्भेक्षण अनुमति पत्र | २०७४/०४/२५ |
| वतावरणिय मुल्याङ्कन प्रतिवेदन स्विकृती | २०६७/०३/३० |
| विद्युत उत्पादन अनुमति पत्र | २०७७/०३/०५ |
| विद्युत उत्पादन अनुमति पत्र अवधि | २०७७/०३/०५ देखि २११२/०३/०४ सम्म |
| ग्रिड कनेक्सन सम्झौता | २०७५/०३/१३ |

| | |
|---|---|
| विद्युत खरिद बिक्री सम्झौता | २०७५/१०/०६, २५ बर्षका लागि |
| विद्युत उत्पादन सुरु गर्नु पर्ने मिति | २०८१/०७/१८ |
| आयोजनामा रिडी पावरले लगानी गर्ने सम्झौता मिति | २०७९/०५/१६ |
| आयोजना निर्माण शुरु मिति | २०८०/०४/१५ |

**हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम लगानी गरिने आयोजनाको भौतिक प्रगति विवरण**

कम्पनीले लगानी गर्ने तल्लो बलेफि जलविद्युत आयोजनाको निर्माण मिति २०८०/०४/१५ गतेबाट थालनि भएको हो । यस आयोजनामा हालसम्म विद्युत गृह सम्म जाने पहुँच मार्गको निर्माण सम्पन्न भईसकेको छ । आयोजनाका लागि कर्मचारी भवन निर्माण भैसकेको छ । आयोजनामा निर्माणका लागि सम्पुर्ण कार्यहरुलाई बिभिन्न प्याकेजहरुमा छुट्याई निर्माण कार्य भईरहेको छ । जसअनुसार पछिल्लो अवस्थाको भौतिक प्रगति निम्नानुसार रहेको छ ।

| **विवरण** | **हालको अवस्था** |
|---|---|
| आवश्यक जग्गा | जग्गा खरिद सम्पन्न |
| आयोजनाको कर्मचारी तथा प्रशासकिय भवन | निर्माण सम्पन्न |
| बिष्फोटक पदार्थ भण्डारण तथा आर्मी क्याम्प भवन | निर्माण सम्पन्न हुने चरणमा पुगेको |
| आयोजनाको विद्युतगृह निर्माण | ठेकेदार छनौट सम्पन्न |
| आयोजनाको सुरुङमार्ग निर्माण | पाराम्याक्स कन्सट्रक्सन कम्पनीसँग निर्माण सम्झौता सम्पन्न र साईट मोबिलाईजेसन |
| आयोजनाको बाँधस्थल निर्माण | शेर्पा हाइड्रो कन्सट्रक्सन कम्पनीसँग निर्माण सम्झौता सम्पन्न |
| प्रसारण लाईन निर्माण | ने.वि.प्रा.को लामोसाँघु सबस्टेसन सञ्चालनमा रहेको र प्रसारण लाईन निर्माणका लागि कन्ट्यक्टर छनौट भैरहेको छ । |

साथै उक्त आयोजनाको प्राविधिक जानकारी सहितको विवरण तल प्रस्तुत गरिएको छ ।

| | | |
|---|---|---|
| **1** | **General** | |
| | Name of The Project | Lower Balephi Hydroelectric Project (LBHEP) |
| | Name of The River | Balephi |
| | Type of Scheme | Run-of-River |
| | Province | Bagmati |
| | District | Sindhupalchowk |
| | Site | Balephi Rural Municipality |
| | Geographical Co-ordinates | |
| | Latitude | 27º 45’39” to 27º 48’ 23” |
| | Longitude | 85º 44’45” to 85º 46’41” |
| **2** | **Organization** | |
| | Developer | Sajha Power Development Pvt. Ltd. |
| | Consultant | Clean Energy Consultants Pvt. Ltd. |
| | **Access Road** | |
| | To Project Site | 72 km away from Kathmandu through Araniko Highway |
| | Access within Project Area | Fair-weather Road |
| | From PH to Surge Pipe and from Surge Pipe to HW | Need construction of approximately 250 m of access road |
| **3** | **Hydrology** | |
| | Catchment area at intake | 594 $km^2$ |
| | Minimum monthly flow | 10.35 $m^3$/sec |
| | Design Discharge (Q43) | 30.60 $m^3$/sec |
| | Design flood discharge at intake (100 Yrs Return Flood) | 1769 $m^3$/sec |
| | Design flood discharge at powerhouse (100 Yrs Return Flood) | 1984 $m^3$/sec |
| **4** | **Geology** | |
| | Regional Geology | Lesser Himalaya Zone of Central Nepal |

| | | |
|---|---|---|
| | Major rock type in headworks | Thick bedded planner continuous, medium to coarse grained, light grey phyllitic quartzite rocks, thin layer of gritty phyllite and huge boulders of gneiss also present. |
| | Major rock types in waterway | Rounded to well-rounded boulder-bearing sandy gravels, sub-angular to well-rounded pebbles, cobbles, and huge boulders. |
| | Major rock types in powerhouse | Gravels are mostly composed of quartzite, phyllite, gneiss, granite, and meta stones with the majority of quartzite. |
| * | **Head Works** | |
| **5** | **Diversion Structure** | |
| | Type of Diversion | Diversion Weir with provision of sluice at both side & a Spillway weir |
| | Intake Type | Side Intake (orifice) |
| | Length of Barrage | 45.50 m including 20 m long ogee weir |
| | Size of Under sluice gate (b x h) | 9 m x 4.5 m |
| | Crest level of Barrage/Sluice Gates | 788.30 masl |
| | High Flood Level | 792.8 masl |
| | Size of Intake Openings | 4 Nos. (4.9 x 1.6) m |
| | Crest level of Intake | El 786 masl |
| **6** | **Settling Basin/Desander** | |
| | Type | 2- Bay, 2-chambered Dufour Type, Intermittent Conventional Flushing |
| | Particle size to be settled | 0.30 mm |
| | Inlet Transition Length | 13.10 m |
| | Outlet Channel and Transition Length | 133.39 m (upto Portal) |
| | Flusghin Channel/Duct | 2 branch W x H = 1.8 m x 1.5 m |
| | Number of Chambers | 2 nos. |
| | Size of Desander (L x W x H) | L= 99 m x W= 13.0 m x H= 7 m to 8.1 m |
| | Bed Slope | 1:50 |
| | Desander Outlet Gates | 2 nos. W x H = 5 m x 3.6 m, Vertical Sliding Gates |
| | Desander Outlet Gates Invert Level | 784.40 masl |
| * | **Waterway Conveyance** | |
| **7** | **Headrace Canal** | |
| | Type/Shape | Cut and covered RCC (Rectangular) |
| | Length | 115.0 m |
| | Size | 5.0 m x 4.5 m |
| | Slope | 1 in 1000 |
| **8** | **Headrace Tunnel** | |
| | Type/Shape | Inverted D-shaped, Free Flow Tunnel |
| | Length | 5180 m |
| | Size | 3.90 m x 3.90 m Finish Concrete lined Section |
| | | 4.30 m x 4.30 m Shotcrete lined Section |
| | Niche | 7 Nos. 6m x 6m @ 400m in length |
| | Slope | 1 in 1000 |
| | No of Bends | 3 nos |
| **9** | **Penstock Tunnel** | |
| | Type/Shape | Concrete lined Inverted D-shaped |
| | Length | 176.50 m |
| | Size | 4.30 m x 4.30 m finish shotcrete lined Section |
| | Slope | 1 in 20 |
| **10** | **Adit Tunnel** | |
| | Type/Shape | Inverted D-shaped |
| | Length | 360 m |
| | Size | 3.50 m x 4.00 m finish shotcrete lined Section |
| | Slope | 1 in 1000 |

| | | |
|---|---|---|
| **11** | **Surge Shaft and Surge Tunnel** | |
| | **Inclined Surge Tunnel** | |
| | Type | Concrete Lined Inverted D-Shaped |
| | Length | 415 m |
| | Size | 3.90 m x 3.90 m finish concrete section |
| | Slope | 1:12 |
| | Upper Surge Level | EL 805.81 masl |
| | Lower Surge Level | EL 775.60 masl |
| | Invert Level at Surface | EL 808.81 masl |
| | Invert Level at Surge Junction | EL 762.40 masl |
| | Normal Water Operating Level | EL 781.54 masl |
| | Static Level | EL 788.30 masl |
| **12** | **Penstock Pipe** | |
| | Type | Buried Steel Pipe (Supported) |
| | Length | 277.13 m with Y and 90 m branch pipes |
| | Diameter | 3.20 m to 1.85 m |
| | Pipe Material | Confirming to IS 2062-B E350 |
| | Yield Strength | 350 Mpa |
| | No of Bends/Blocks | 4 Nos |
| | Maximum shell thickness | 12 mm to 24 mm |
| **13** | **Tailrace canal** | |
| | Type | RCC rectangular box culvert |
| | Length | 30m |
| | Size (width x height) | 5.5 m x 4.0 m |
| | Tailwater Level | 712.50 (three units running) |
| **14** | **Turbine** | |
| | Type | Horizontal Axis Francis |
| | No. of Units | 3 |
| | Rated output | 6.667 MW (excluding 10% continuous overloading) |
| | Rated speed | 500 rpm |
| | Rated Net Head | 68.25 m |
| | Speed Governor | Electro-Hydraulic PID |
| | Turbine Efficiency at maximum discharge | 93% (at 100% discharge) |
| **15** | **Generator** | |
| | No of units | 3 |
| | Type | Horizontal Synchronous brushless, 3 Phase AC |
| | Rated/Maximum Output per unit | 6666.67 kW/7333.34 kW |
| | Rated Frequency | 50 Hz ± 5% |
| | Generation voltage | 11 kV ± 10% |
| | Power Factor | 0.85 |
| | Excitation System | Brushless |
| | Installed Capacity Rated | 7.85 MVA |
| | Efficiency | 97% |
| **16** | **Power Transformers** | |
| | No of Units | 3 Nos. |
| | Type | Three phase , Oil Immersed, ONAN |
| | Rated Frequency | 50 Hz |
| | Rated Capacity | 8700 kVA |
| | Voltage | 33/11 KV |
| | Efficiency | 99% |
| | Type of winding | Star/Delta |
| **17** | **Transmission Line** | |
| | Voltage Level | 33 kV D/C |
| | Length | 11 Km Double Circuit |
| | Conductor | ACSR WOLF 150mm^2 |
| | Evacuation S/S | 33/132 kV Lamosanghu Substation |

| 18 | **Power and Energy** | |
|---|---|---|
| | Installed Capacity | 20,000 KW |
| | Gross Head | 76.02 m |
| | Net Head | 68.25 m |
| | Dry Energy after outage as per PPA | 32.621 GWh |
| | Wet Energy after outage as per PPA | 72.684 GWh |
| | Average Annual Energy as per PPA | 105.306 GWh |

यो तल्लो बलेफि जलविद्युत परियोजनाको निर्माण लागत रु. ४४०.०८ करोड अनुमान गरिएको छ । कुल लागत मध्ये ६७.२३ प्रतिशतले हुने रु. २९६.४ करोड बैक तथा वित्तिय संस्थाको कर्जा लगानी रहने र रु. १४४.५ करोड स्वपूँजी लगानी हुनेछ । कूल स्वपूँजी लगानी मध्येवाट रिडी पावर लिमिटेडले ५५ प्रतिशत रु. ७८ करोड अन्य रणनितिक साझेदार कम्पनी लिमिटेडबाट २५ प्रतिशत रु.३७ करोड लगानी गर्ने छन् भने बाँकी रकम साझा पावर कम्पनी लि. को प्राथमिक शेयर जारी गरी लगानी गर्ने योजना रहेको छ । आयोजना निर्माणको कार्य ३० महिनामा सम्पन्न हुनेछ । आयोजनाले सर्म्पूण पुर्वाधार निर्माण कार्य सम्पन्न गरी पूर्ण क्षमतामा निर्माण कार्य सञ्चालन गरिरहेको छ । निर्माणको भौतिक कार्य प्रगति करिब २० प्रतिशत सम्पन्न भएको छ । तल्लो बलेफि जलविद्युत आयोजनाबाट बार्षिक १०५ गेगावाट घण्टा विद्युत शक्ति उत्पादन हुनेछ । सो विद्युत बिक्रीबाट कम्पनीलाई पहिलो वर्षमा रु. ६२.३० करोड आम्दानी हुनेछ । आयोजनाको विद्युत विक्री दर वर्षायामका लागि रु. ४.८० र सुख्यायामका लागि रु. ८.४० तय भएको छ । यो मूल्य दर ६ा६ महिनाको हुने गरी मंशिर १६ देखि जेष्ठ १५ सम्मलाई सुख्यायाम र जेष्ठ १६ देखि मंशिर १५ सम्मलाई वर्षायाम कायम भएको छ । यो आयोजनाले ३ प्रतिशतका दरले ८ वर्ष सम्मका लागि मूल्य बृद्धि दर प्राप्त गर्नेछ । बैंकबाट लिएको परियोजना ऋण कर्जा १२ वर्ष भित्र चुक्ता भुक्तानी गर्नेछ । आयोजनाको साधारण ऋण फिर्ता अवधि (Simple Payback Period) ७.८० वर्षको रहेको छ । आयोजनाको Internal Rate of Return (IRR) ११.८८ प्रतिशत रहेको छ । यस आयोजनाको व्यवसायिक उत्पादन शुरु गरेको पहिलो वर्ष देखि नै शेयरधनिहरुलाई लाभांश वितरण गर्न सक्ने ठानिएको छ । यस आयोजनाको संस्थापक शेयरधनी भई काम गर्न उपयोगी र लाभदायक हुने ठानिएको छ ।

**ङ. शेयर पूँजीको संरचना :**

**१. अधिकृत पूँजीः** कम्पनीको अधिकृत पूँजी रु.२,५०,००,००,०००।-(अक्षरेपी दुई अरब पचास करोड)रहेको छ । उक्त पूँजीलाई रु.१००।– का दरले २,५०,००,००० (दुई करोड पचास लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

**२. जारी पूँजीः** कम्पनीको जारी पूँजी रु. १,५४,८९,०१,२००।- (अक्षरेपी एक अरब चौवन्न करोड उनानब्बे लाख एक हजार दुई सय) रहेको छ । यस विवरण पत्र मार्फत प्रस्तावित हकप्रद शेयर निष्काशन गरि बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु. २,३२,३३,५१,८००/-(अक्षेरुपी दुई अर्व बत्तिस करोड तेत्तिस लाख एक्आउन्न हजार आठ सय मात्र) हुनेछ ।

**३. चुक्ता पूँजी :** यस कम्पनीको हालको चुक्ता पूँजी रु. १,५४,८९,०१,२००।- (अक्षरेपी एक अर्व चउन्न करोड उनान्नब्वे लाख एक हजार दुई सय मात्र ) रहेको छ । यस विवरण पत्र मार्फत प्रस्तावित हकप्रद शेयर निष्काशन गरि बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु. २,३२,३३,५१,८००/-(अक्षेरुपी दुई अर्व बत्तिस करोड तेत्तिस लाख एक्आउन्न हजार आठ सय मात्र) हुनेछ ।

कम्पनीको हाल कायम रहेको पूँजिको विवरण निम्नानुसार रहेको छ ।

| विवरण | हकप्रद निष्काशन गर्नुपूर्व रकम (रु.) | हकप्रद निष्काशन पश्चात् रकम (रु.) |
|---|---|---|
| अधिकृत पूँजी | २,५०,००,००,००० | २,५०,००,००,००० |
| जारी पूँजी | १,५४,८९,०१,२०० | २,३२,३३,५१,८०० |
| चुक्ता पूँजी | १,५४,८९,०१,२०० | २,३२,३३,५१,८०० |

**च. हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात संगठित संस्थाको चुक्ता पूँजीको स्थिती :**

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु. १,५४,८९,०१,२००/–रहेको छ । हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.२,३२,३३,५१,८००/-कायम हुनेछ । कम्पनीले सर्वसाधारणका लागि शेयर निष्काशन गरी बाँडफाँड पछिको पहिलो तीन वर्षसम्म लकईन पिरियडमा रहेको यस कम्पनीको संस्थापक शेयर मिति २०७३ चैत्र १८ गतेदेखि लकईन पिरियड समाप्त भई साधारण शेयरमा परिणत भई खुल्ला रुपमा कारोवार भईरहेको छ । यस विवरण मार्फत रु.७७,४४,५०,६००।- (अक्षरुपी सत्तर करोड चौवालिस लाख पचास हजार छ सय रुपैंया मात्र) मूल्य

बराबरको हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु.२,३२,३३,५१,८००/- (अक्षरुपी दुई अर्ब बत्तिस करोड तेत्तिस लाख एक्काउन हजार आठ सय रुपैंया मात्र) हुनेछ ।

| विवरण | हकप्रद निष्काशन गर्नुपूर्व रकम (रु.) | हकप्रद निष्काशन पश्चात् रकम (रु.) |
|---|---|---|
| अधिकृत पूँजी | २,५०,००,००,००० | २,५०,००,००,००० |
| जारी पूँजी | १,५४,८९,०१,२०० | २,३२,३३,५१,८०० |
| चुक्ता पूँजी | १,५४,८९,०१,२०० | २,३२,३३,५१,८०० |

**छ. हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या**

मिति २०७३ चैत्र १८ गतेदेखि संस्थापक शेयरको लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भै राखेको हुनाले हाल सर्वसाधारण शेयर समुह मात्र रहेको छ । सम्पूर्ण शेयर स्टक एक्सचेञ्जमा सूचिकरण भई कारोवार भईरहेको छ । बैंकबाट लिएको कर्जाको सुरक्षणका लागि कम्पनीका संचालकहरुले व्यक्तिगत तथा सामूहिक जमानी दिनु भएको छ ।

**आधारभुत (१ प्रतिशत वा सो भन्दा बढी स्वामित्व रहेको) शेयरधनीहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या (आसोज २०८० को विवरण)**

| सि.नं. | शेयरधनीको नाम | ठेगाना | शेयर संख्या |
|---|---|---|---|
| १. | गुरु प्रसाद न्यौपाने | बनेश्वर, काठमाडौं | ९,१४,४२४ |
| २. | कुवेरमणि नेपाल | मोरङ्ग, उर्लाबारी न.पा., वडा नं.६ | २,८७,७४५ |
| ३. | अरुण भ्याली हाइड्रोपावर | ट्रेडटावर, काठमाडौं | २,६१,८०४ |
| ४. | रमेश प्रसाद न्यौपाने | मोरङ्ग, बिराटनगर उ.म.न.पा. १३ | १,७२,५८५ |
| ५ | शीव रतन शारडा | काठमाण्डौं | १,८८,५७७ |

**ज. निष्काशन गरिने हकप्रद शेयरको संख्या र त्यसको अनुपात :**

हाल कायम रहेको चुक्ता पूँजी रु.१,५४,८९,०१,२००/-को १ शेयर बराबर नयाँ ०.५० शेयर (१ : ०.५०) को अनुपातमा प्रति शेयर रु.१००।- का दरले जम्मा ७७,४४,५०६ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

**झ. हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

मिति २०८०/०३/०८ गते कम्पनीको विशेष साधारण सभाबाट विशेष प्रस्ताव पारित भए बमोजिम चुक्ता पूँजी रु. १,५४,८९,०१,२००/- को १:०.५० को अनुपातमा रु.७७,४४,५०,६००/- बराबरको ७७,४४,५०६ थान हकप्रद शेयर निष्काशन गर्ने निर्णय गरी नियमनकारी निकाय श्री विद्युत नियमन आयोगबाट हकप्रद निष्काशन गर्न सहमति प्राप्त गरी श्री नेपाल धितोपत्र बोर्डमा स्वीकृतीका लागि निवेदन गरिएको छ ।

**ञ. सञ्चालकहरुको परिचय**

**सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :**

**१.कम्पनीको सञ्चालकहरुको विवरण निम्नानुसार रहेको छ ।**

| सि. नं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शैक्षिक योग्यता | प्रस्तावित व्यापार/ व्यवसाय | शेयर स्वामित्व /प्रतिशत | समूह | अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | श्री संजिव न्यौपाने का.म.न.पा.३१, काठमाण्डौं | अध्यक्ष | ४३ | नेपाली | एम.बि.ए व्यवस्थापन | जलविद्युत क्षेत्रमा | ७,११७ (०.०४%) | सर्वसाधारण | -जनता बैंक लि.मा वि.सं.२०७४ साल देखि वि.सं.२०७६ सम्म संचालक रही कार्य गरेको अनुभव ।<br>-मध्यपश्चिमाअञ्चल ग्रामिण बिकास बैंक लि.मा वि.सं.२०६६ देखि वि.सं.२०६९ सम्म कार्यकारी अध्यक्ष गरी कार्य गरेको अनुभव ।<br>-रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडमा वि.सं.२०६० साल देखि वि.सं. २०६२ सम्म प्रमुख वित्त अधिकृत रही कार्य गरेका अनुभव । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | -रिडि पावर लिमिटेड कम्पनीमा अपि पावर कम्पनी कम्पनीको प्रतिनिधित्व गर्दै अध्यक्ष पदमा रहि वि.सं.२०७९ फाल्गुण देखि कार्यरत ।<br>-अपि पावर कम्पनी लिमिटेड मा वि.सं.२०७० सालदेखि हाल सम्म कार्यकारी संचालक पदमा कार्यरत ।<br>–इङ्गवा हाइड्रोपावर लिमिटेडमा अपि पावर कम्पनी लिमिटेडको प्रतिनिधित्व गर्दै संचालक पदमा रहि वि.सं.२०७८ साल पौष देखि कार्यरत । |
| २. | श्री रमेश प्रसाद न्यौपाने<br>कोशी अञ्चल,मोरङ्ग जिल्ला, बिराटनगर उप-म.न.पा.वडा नं. ११ | सञ्चालक | ५१ | नेपाली | एम.बि.एस व्यवस्थापन | | १,७२,५८५ (१.०८%) | सर्वसाधारण | -अरुण काबेली पावर लि. मा सञ्चालक ।<br>-जनता बैंक नेपाल लि.मा सञ्चालक पदमा १ वर्ष कार्य गरेको अनुभव ।<br>-रिडी हाइड्रोपावर कम्पनी लिमिटेडमा आयोजना संयोजक पदमा कार्य गरेको अनुभव ।<br>–अरुण भ्याली हाइड्रोपावर कम्पनी लिमिटेडमा विभिन्न पदमा रही जलविद्युत क्षेत्रमा २० वर्षको कार्य अनुभव । |
| ३. | श्री साईका भण्डारी<br>कोशी अञ्चल, मेरङ्ग जिल्ला, विराटनगर उप-म.न.पा.वडा ६ | प्रबन्ध सञ्चालक | ३६ | नेपाली | एम.बि.ए व्यवस्थापन | | ६,६२१ ( ०.०४१%) | सर्वसाधारण | -रिडी हाइड्रोपावर कम्पनी लिमिटेडमा विभिन्न पदमा रही जलविद्युत क्षेत्रमा १० वर्षको कार्य अनुभव र<br>–हाल सोही कम्पनीमा संचालकको रुपमा कार्यरत । |
| ४. | श्री दिव्या कोईराला<br>ललितपु मा.न.पा. वडा नं. ९ | स्वतन्त्र सञ्चालक | ३२ | नेपाली | एम.बि.ए व्यवस्थापन | | छैन | स्वतन्त्र संचालक | -लेखापरिक्षण संस्था एन. अमात्य एण्ड कम्पनीमा रही विभिन्न कम्पनीहरुको आन्तरिक तथा बाह्य लेखापरीक्षण गरेको ५ वर्ष भन्दा बढीको अनुभव ।<br>-अन्तर्राष्ट्रिय संगठनहरुमा लेखा, बिक्री, अनुपालन बिभाग, पर्यवेक्षक आदिमइ काम गरेको ३ वर्ष भन्दा बढीको अनुभव ।<br>–काबेली इनर्जी लिमिटेड र अरुण काबेली पावर लि. मा वित्त प्रबन्धक रही कार्य गरेका अनुभव । |

कम्पनीले पालना गर्नेपर्ने संस्थागत सुशासन सम्बन्धि निर्देशिका संचालकहरुले पालना गर्नुपर्ने सम्पूर्ण व्यवस्थाहरुको पूर्ण पालना गरिएको उद्घोषण गर्दछौं ।

**कम्पनीको प्रमुख कार्यकारी सञ्चालकको विवरण :**

**कार्यकारी निर्देशक** : श्री साईका भण्डारी
**ठेगाना** : मोरङ्ग जिल्ला, विराटनगर मा.न.पा., वडा नं. ६
**योग्यता** : एम.बि.ए व्यवस्थापन
**अनुभव** : रिडी पावर कम्पनी लिमिटेडमा विभिन्न पदमा रही जलविद्युत क्षेत्रमा १० वर्षको कार्य अनुभव

**ट. सञ्चालक समितिको बनौट :**

कम्पनीको नियमावलीको नियम २७ (२) मा संशोधन भई पाँच जना सञ्चालक सदस्य रहेको एक संञलक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा संस्थापक समूह तथा सर्वसाधारण समूह भन्ने वर्गिकरण रहेको छैन । कम्पनीमा महिला, तथा स्वतन्त्र सञ्चालकको व्यवस्था गरिएको छ । सञ्चालकहरूको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

| | |
|---|---|
| शेयरधनीहरुको प्रतिनिधित्व गर्ने निर्वाचित सञ्चालकहरु | ४ जना |
| स्वतन्त्र सञ्चालक | १ जना |
| **जम्मा** | **५ जना** |

नोटः पाँच जना सञ्चालक सदस्य रहेकोमा हाल एक जना सञ्चालक सदस्यको पद रिक्त रहेको ।

**ठ. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको संचालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मिति भन्दा अघिल्लो दिन सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको १ शेयर बराबर ०.५० शेयर (१:०.५०) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन् । हकप्रद शेयर बापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई पुर्ण कित्ताको रुपमा नपुग रकम समेत लिई दरखास्त लिने र त्यसो गर्दा कम्पनीको पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र, नियमावली वा चार्टरमा आवश्यक संशोधन गरी थप धितोपत्र बोर्डमा दर्ता गरिनेछ ।

**ड. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले तोके बमोजिम पारदर्शी तरिकाद्वारा लिलाम बढाबढ गरी बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ. हकप्रद शेयर अनुपात भन्दा बढि शेयर गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्थाः**

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक बापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित जस्तै ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक जस्तै ४ कित्ताका (खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु. १००/- कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ ।

**ण) संगठित संस्थाको संचालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेके अवस्थामा संचालन अवधिको वित्तीय विवरण वा साथै प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

कम्पनीको विगत तीन आर्थिक वर्षको वास्तविक तथा आगामी तीन आर्थिक वर्षको लागि अनुमानित वित्तीय विवरण देहाय बमोजिम छ :

## लेखापरिक्षण भएको विगत तीन आर्थिक वर्षको वास्तविक वित्तीय विवरण

### वासलात

(रु.)

| विवरण | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० |
|---|---|---|---|
| **स्थिर सम्पत्ति** | | | |
| सम्पत्ति, प्लाण्ट एण्ड मेशिनरी | १,२०,६१,२४,५४३ | ३,१८८,९२९,१७० | ३,२०३,९६५,३२९ |
| ह्रास कट्टी | ७,८४,१६,६६१ | २१६,३२०,५०६ | ३३५,२२३,१५८ |
| **खुद सम्पत्ती** | **१,१२,७७,०७,८८२** | **२,९७२,६०८,६६४** | **२,८६८,७४२,१७१** |
| परियोजना कार्य प्रगति | | | |
| लगानी | १२,४१,३८,७६४ | २३,०६,८१,१९९ | ३७८,१८१,१९९ |
| स्थगन कर सम्पत्ति | | २,१८९,२८५ | |
| **कुल स्थीर सम्पत्ति** | **१,२५,१८,४६,६४६** | **३,२०५,४७८९,५०** | **३,२४६,९२३,३७०** |
| चालू सम्पत्ति | | | |
| प्राप्त हुन बाँकी | २,२५,५२,५१५ | ५,३०,९४,२८४ | ४५,५७८,८७१ |
| ऋण, पेश्की तथा जम्मा | ३,३१,९३,४२४ | १७,६२,९१,७२७ | १४०,८२१,३०७ |
| नगद तथा बैंकमा जम्मा रकम | २७,१०,९२४ | १९,०९,०७,९८२ | २८,९६९,९७६ |
| **कुल चालू सम्पत्ति** | ५,८४,५६,८६३ | ४२,०२,९३,९९३ | २१५,३७०,१५४ |
| **जम्मा सम्पत्ति** | **१,३१,०३,०३,५०९** | **३,६२,५७,७३,१३९** | **३,४६२,२९३,५२४** |
| पूँजी र दायित्व | | | |
| शेयर पूँजी | ५८,५५,५८,००० | १,१०,६३,५८,००० | १,५४८,९०१,२०० |
| जगेडा कोष तथा सञ्चित नाफा | ७,४०,७५,८६२ | ५४,९७,८६,५१३ | ३४,५०१,०१८ |
| **जम्मा** | **६५,९६,,३३,,८६२** | **१,६५,६१,४४,५१३** | **१,५८३,४०२,२१८** |
| बैंक ऋण (दिर्घकालिन) | ५१,४९,८९,३२४ | १,६७,११,३८,८१९ | १,७२०,०२९,३८१ |
| अन्य तिर्नुपर्ने | १३,५६,८०,३२५ | २९,८४,८९,८०७ | १५८,८६१,९२५ |
| **कुल ऋण तथा दायित्व** | **६५०६६९६४९** | **१९६९६२८६२६** | **१,८७८,८९१,३०६** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,३१,०३,०३,५०९** | **३,६२,५७,७३,१३९** | **३,४६२,२९३,५२४** |

### नाफा नोक्सान हिसाब

(रु.)

| विवरण | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० |
|---|---|---|---|
| विद्युत बिक्रीबाट आम्दानी | ११,४१,८९,८२३ | १४,९५,५५,३९१ | ३३२,८५७,७८७ |
| अन्य आम्दानी | ५,७५,८१,६४८ | ६१,११,५०,१२० | ६,८६७,७६३ |
| **जम्मा आम्दानी** | **१७,१७,७१,४७०** | **७६,०७,०५,५११** | **३३९,७२५,५५०** |
| रोयल्टी | १०,९६,५०१ | १३,७९,३०३ | ५८,२४,३१४ |
| प्रशासकीय खर्च | ८०,४९,४९० | २,६२,७९,८८२ | २५,७०४,१६५ |
| आयोजना सञ्चालन खर्च | १,८५,९६,५३३ | २,०४,०६,७८७ | ६२,२९०,९८० |
| **सञ्चालन मुनाफा** | **१४,३८,१२,९४५** | **७१,४०,१८,८४१** | **२४५,९०६,०९१** |
| ब्याज खर्च | २,९०,८४,३८१ | ३,३०,३६,३८७ | १७०,८४५,८२५ |
| ह्रास खर्च | २,२१,३६,५३४ | ४,६०,२३,०९१ | ११८,९०२,६५२ |
| **बोनस अघिको नाफा** | **९,२५,९२,०३१** | **६३,४९,५९,३६३** | **(४३८४२३८६)** |
| कर्मचारी बोनस | ११,८९,७१६ | ४,७६,१८५ | ० |
| **बोनस पछिको नाफा** | ९,१४,०२,३१५ | ६३४४८३१७९ | (४३८४२३८६) |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | ९,१४,०२,३१५ | ६३४४८३१७९ | (४३८४२३८६) |
| आय कर | १,७४,५४,९५० | १४,९९,३४,१८७ | ३,४१८,८७७ |
| **आयकर पछिको नाफा** | ७,३९,४७,३६५ | ४८,८९,२७,५६१ | (४९४५०५४७) |
| **संस्थागत समाजिक उत्तरदायित्व** (CSR) **व्यवस्था** | ९,१४,०२३ | ६३,४४,८३२ | ० |
| **आयकर पछिको खुद नाफा** | ७,३०,३३,३४२ | ४८,२५,८२,७२९ | (४९४५०५४७) |

| | | | |
|---|---|---|---|
| चालु वर्षको नाफा नोक्सान | ७,३०,३३,३४२ | ४८,२५,८२,७२९ | (४९४५०५४७) |
| गत वर्षसम्मको सञ्चिती | ३,०३,२०,४०५ | ७,४०,७५,८६२ | ४८२,८७८,२८३ |
| बोनस शेयर प्रदान | २,७८,८३,७०० | ७,०२,६६,९६० | ४४२५४३२०० |
| लाभांस कर | १३,९४,१८५ | ३५,१३,३४७ | २३,२९१,७४७ |
| सञ्चितीबाट नगद लाभांस वितरण | | | |
| **मौज्दात जगेडा कोष र सञ्चित सारेको** | **७,४०,७५,८६२** | **४८,२८,७८,२८३** | **(३२,४०७,२१२)** |

## नगद प्रवाहको विवरण

(रु.)

| विवरण | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० |
|---|---|---|---|
| **खुद नगद प्रवाह सञ्चालन गतिविधिबाट** | | | |
| चालु वर्षको खुद नाफा /नोक्सान | **७,३९,४७,३६५** | **४८,२५,८२,७२९** | **(४९,४५०,५४७)** |
| **समायोजन** | | | |
| ह्रासकट्टी | २,२१,३६,५३४ | ४६०,२३,०९१ | ११८९०२६५२ |
| सम्पत्ति निसर्गबाट भएको घाटा | ८९,२२२ | १४,७७,४४,९०२ | २१८९२८५ |
| व्याज खर्च | ७,३९,४७,३६५ | ३,३०,३६,३८७ | १७०,८४५,८२५ |
| व्यावस्था फिर्ता | - | - | ३४१८८७७ |
| यस वर्षको CSR | ९,१४,०२३ | - | |
| **कार्यशिल पूँजीको परिवर्तन अघिको सञ्चालन गतिबिधीबाट नगद प्रवाह** | **१२,४३,४३,४७८** | ६७४,१६१,४३८ | २४५,९०६,०९२ |
| चालु सम्पत्तिमा दायित्वमा(कमी/(वृद्धि) | (३,७०,४५,७६,८८) | (१४१,१२०,५४२) | ४३,२९०,२५८ |
| कर भुक्तानी | | (१७,४५४,९५०) | (१४७,७४४,९०२) |
| पछिल्लो बर्षको समायोजन | | | |
| **सञ्चालन गतिबिधीबाट भएको खुद नगद प्रवाह** | **(२४,६१,१४,२१०)** | **५१५,५८५,९४६** | **१४१,४५१,४४७** |
| **लगानी गतिविधिवाट खुद नगद प्रवाह** | | | |
| लगानी बिक्री खरिद | १,६१,७७,०३६ | (१०,६५,४२,४३५) | (१४७,५००,०००) |
| पूँजीगत व्याज | | | |
| स्थीर सम्पत्ती खरिद | (४,८९,३७,६२४) | (१,८९,०९,२३,८७२) | (१५,०३६,१६०) |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(३,२७,६०,५८८)** | **(१,९९७,४६६,३०७)** | **(१६२,५३६,१६१)** |
| **वित्तीय श्रोत सम्बन्धि कारोवारबाट नगद प्रवाह** | | | |
| ऋणमा परिवर्तन | ३१,१८,९६,८४१ | १,१५,६१,४९,४९६ | ४८,८९०,५६२ |
| व्याज तिरेको | (२,९०,८४,३८१) | (३,३०,३६,३८७) | (१६६,४५२,१०७) |
| पूँजीमा परिवर्तन | २,७८,८३,७०० | ५२,०८,००,००० | ४४२,५४३,२०० |
| लाभांस तिरेको | (२,९२,७७,८८५) | (७,३७,८०,३०७) | (४६५,८३४,९४७) |
| जगडा कोष | | ६,६९,०८,२३० | |
| **वित्तीय गतिविधिको नगद प्रवाह** | **२८,१४,१८,२७५** | **१,६३,७०,४१,०३२** | **१४०,८५३,२९२** |
| नगदमा भएको कूल परिवर्तन | २४,५३,४७७ | १८,८१,९७,०५८ | १६१,९३८,००६ |
| चालु वर्षको बैंक तथा नगद अवस्था | १,६७,४४७ | २७१०,९२४ | १९०,९०७,९८२ |
| **वर्षको अन्त्यको बैंक तथा नगद अवस्था** | **२७,१०,९२४** | **१९,०९,०७,९८२** | **२८,९६९,९७६** |

**नोटः**

१.* व्यवस्थापनबाट प्रमाणित आ.व. २०८०/८१ आश्विन मसान्तको अपरिस्कृत वित्तीय विवरण ।

२. लेखापरिक्षकले कम्पनीको वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) बमोजिम नभएको भनि राय व्यक्त गर्न असमर्थता (Disclaimer of Opinion) उल्लेख गरिएको छ । गत आर्थिक बर्षहरुमा यस कम्पनी र साविकककी रैराङ हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड बीच मर्जर प्रकृयामा रहेको कारणबाट नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) पालना गर्न व्यवाहारीक कठिनाईका कारणले सो पालना गर्न नसकिएको हो । आगामि आर्थिक बर्षबाट उपरोक्त वित्तिय विवरण (Nepal Financial Reporting Standards) अनुसार तयार पारिने व्यहोरा जानकारी गराइन्छ ।

३. आ.व. २०७७/७८ को लेखापरिक्षकको प्रतिवेदन बमोजिम रैराङ हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड को सम्पत्ती तथा दायित्वलाई उचित मुल्यमा लेखाङ्कन नगरिनु तथा ह्रास कट्टी मुल्याङ्कन गर्ने विधिको कारण आ.व. २०७७/७८ को कुल नाफा रु.चार करोडले अतिमुल्याङ्कन भएको छ।

४. आ.व. २०७९/८० मा कम्पनीको ठुलो आयोजनामध्यको ईवाखोला जलविद्युत आयोजना बाढीका कारणबाट ३ महीना भन्दा बढी समय सञ्चालनमा आउन नसकेको र उक्त क्षतीको बीमा बापतको रकम समेत प्राप्त भईनसकेको कारणले आ.व. २०७८/७९ मा भन्दा आ.व. २०७९/८० मा कुल नाफा घटेर कम्पनी घाटामा गएको देखिन्छ।

५. आ.व. २०७८/७९ मा कम्पनीले लगानीको निसर्गबाट नाफा आम्दानी गरेको र उक्त प्राप्त आम्दानीले सोही आर्थिक बर्षमा पुनः दोस्रो बजारमा शेयरमा लगानी गरेकोले सोही आर्थिक बर्षमा लगानी रकम रु.१० करोडले बढेको देखिन्छ।

६. आ.व. २०७८/७९ को वित्तीय विवरण अनुसारको समायोजन हुन बाँकी रकम रु.६ करोड समायोजन भई करचुक्ता समेत प्राप्त भइसेको छ।

## स्व : पुँजीमा भएको परिवर्तनको विवरण

(रु.)

| | शेयर पुंजी | शेयर प्रिमियम कोष | जगेडा कोष | पुँजीगत कोष | जम्मा शेयरधनी कोष |
|---|---|---|---|---|---|
| **आषाढ मसान्त २०७६ सम्म** | **५३,११,१८,४००** | | **२,९५,५५,८१४** | | **५६,०६,७४,२१४** |
| जारी गरिएको नयाँ शेयर | २,६५,५५,९०० | | | | २,६५,५५,९०० |
| वार्षिक खुद नाफा/(नोक्सान) | | | २,९०,०८,२५३ | | २,९०,०८,२५३ |
| शेयर निष्काशन खर्च | | | | | - |
| लाभांश वितरण | | | (२,८२,४३,६६२) | | (२,८२,४३,६६२) |
| **आषाढ मसान्त २०७७ सम्म** | **५५,७६,७४,३००** | **-** | **३,०३,२०,४०५** | | **५८,७९,९४,७०५** |
| जारी गरिएको नयाँ शेयर | २,७८,८३,७०० | | | | २,७८,८३,७०० |
| वार्षिक खुद नाफा/(नोक्सान) | | | ७,३०,३३,३४२ | | ७,३०,३३,३४२ |
| शेयर निष्काशन खर्च | | | | | - |
| लाभांश वितरण | | | (२,९२,७७,८८५) | | (२,९२,७७,८८५) |
| **आषाढ मसान्त २०७८ सम्म** | **५८,५५,५८,०००** | **-** | **७,४०,७५,८६२** | | **६५,९६,३३,८६२** |
| जारी गरिएको नयाँ शेयर | | | | | - |
| वार्षिक खुद नाफा/(नोक्सान) | | | ४८,२५,८२,७२९ | ६,६९,०८,२३० | ५४,९४,९०,९५९ |
| शेयर निष्काशन खर्च | ५२,०८,००,००० | | | | ५२,०८,००,००० |
| लाभांश वितरण | | | (७,३७,८०,३०७) | | (७,३७,८०,३०७) |
| **आषाढ मसान्त २०७९ सम्म** | **१,१०,६३,५८,०००** | **-** | **४८,२८,७८,२८४** | **६,६९,०८,२३०** | **१,६५,६१,४४,५१४** |
| **जारी गरिएको नयाँ शेयर** | ४४,२५,४३,२०० | - | - | - | ४४,२५,४३,२०० |
| वार्षिक खुद नाफा/(नोक्सान) | - | - | (४,९४,५०,५४७) | - | (४,९४,५०,५४७) |
| शेयर निष्काशन खर्च | - | - | - | - | - |
| लाभांश वितरण | - | - | ४६,५८,३४,९५० | - | ४६,५८,३४,९५० |
| **आषाढ मसान्त २०८० सम्म** | **१,५४,८९,०१,२००** | **-** | **(३,२४,०७,२१२)** | **६,६९,०८,२३०** | **१,५८,३४,०२,२१८** |

## सञ्चालन अवधीको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी, प्रति शेयर नेटवर्थ

रकम रु. मा

| विवरण | वास्तविक | | | (अपरिस्कृत) * | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | २०८०/०८१ पौष मसान्त | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ |
| चुक्ता पूँजी | ५८,५५,५८,००० | १,१०,६३,५८,००० | १,५४,८९,०१,२०० | १५४,८९,०१,२०० | २,३२,३३,५१,८०० | २,३२,३३,५१,८०० | २,३२,३३,५१,८०० |
| जगेडा कोष तथा संचित नाफा | ७,४०,७५,८६२ | ५४,९७,८६,५१३ | ३,४५,०१,०१८ | (५८,१०७,२४६) | २२,५३,४८,५७८ | ३६,९४,११,५२४ | ५२,१५,०५,२१० |
| **जम्मा** | ६५,९६,३३,८६२ | १,६५,६१,४४,५१३ | १,५८,३४,०२,२१८ | १,४९०,७९३,९५४ | २,५४,८७,००,३७८ | २,६९,२७,६३,३२४ | २,८४,४८,५७,०१० |
| अपलेखन गर्न बांकी खर्च | | | | | | | |
| **जम्मा (नेटवर्थ)** | | | | | | | |
| शेयर संख्या | ५८,५५,५८० | १,१०,६३,५८० | १,५४,८९,०१२ | १,५४,८९,०१२ | २३,२३३,५१८ | २३,२३३,५१८ | २३,२३३,५१८ |
| प्रति शेयर | ११२.६५ | १४९.६९ | १०२.२२ | ९६.२५ | १०९.७० | ११५.९० | १२२.४५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नेटवर्थ | | | | | | | |
| नेटवर्थमा औषत प्रतिफल (%) | ११.०७% | २९.१४% | (३.१२२%) | (१२.४२%) | ६.८०% | ५.३५% | ५.३५% |
| प्रति शेयर आम्दानी | १२.४७ | ४३.६२ | (३.१९) | ़हह | ७.४६ | ६.२० | ६.५५ |
| **निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा** | | | | | १२.७५% | | |

## आगामी तीन आर्थिक वर्षको प्रक्षेपित वित्तिय विवरणहरु
## प्रक्षेपित वासलात

**(रु. हजारमा)**

| विवरणहरु | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ |
|---|---|---|---|
| **स्थिर सम्पत्ति** | | | |
| सम्पत्ति, प्लाण्ट एण्ड मेशिनरी | ३,२०४,५८६.५१ | ३,२०४,५८६.५१ | ३,२०४,५८६.५१ |
| ह्रास कट्टी | (४२०,८८०.९३) | (५१७,४४६.४६) | (६१०,४४९.१४) |
| **खुद सम्पत्ती** | **२,७८३,७०५.५८** | **२,६८७,१४०.०४** | **२,५९४,१३७.३७** |
| लगानी | २१९,९६६.९० | २१९,९६६.९० | २१९,९६६.९० |
| सम्बद्ध कम्पनीमा लगानी | १०,७१४.३० | १०,७१४.३० | १०,७१४.३० |
| सहायक कम्पनीमा लगानी | ९२५,४५०.६० | ९२५,४५०.६० | ९२५,४५०.६० |
| स्थगन कर सम्पत्ति | २,१८९.२९ | २,१८९.२९ | २,१८९.२९ |
| **कुल स्थीर सम्पत्ति** | **३,९४२,०२६.६६** | **३,८४५,४६१.१३** | **३,७५२,४५८.४५** |
| चालू सम्पत्ति | | | |
| नगद तथा बैंकमा जम्मा रकम | १९८,५२०.१७ | ३६०,८६६.८२ | ४८२,८७४.४३ |
| ऋण, पेश्की तथा जम्मा | २९६,५२६.४२ | ३००,९७४.३१ | ३३१,०७१.७४ |
| प्राप्त हुन बाँकी | ७२,८९२.५८ | ८७,५०४.७५ | ८७,४०३.३७ |
| **कुल चालू सम्पत्ति** | **५६७,९३९.१७** | **७४९,३४५.८९** | **९०१,३४९.५५** |
| **जम्मा सम्पत्ति** | **४,५०९,९६५.८३** | **४,५९४,८०७.०२** | **४,६५३,८०८.००** |
| **पूँजी र दायित्व** | | | |
| शेयर पूँजी | २,३२३,३५१.८० | २,३२३,३५१.८० | २,३२३,३५१.८० |
| पूँजीगत कोष | ६६,९०८.२३ | ६६,९०८.२३ | ६६,९०८.२३ |
| जगेडा कोष तथा सञ्चित नाफा | १५८,४४०.३५ | ३०२,५०३.२९ | ४५४,५९६.९८ |
| **जम्मा** | **२,५४८,७००.३८** | **२,६९२,७६३.३२** | **२,८४४,८५७.०१** |
| **दिर्घकालिन दायित्व** | | | |
| बैंक ऋण (दिर्घकालिन) | १,६३८,८८४.३५ | १,५४१,५२०.७५ | १,४२३,५३७.१५ |
| **अल्पकालिन दायित्व** | | | |
| बैंक ओभरड्राफ्ट कर्जा | ९०,३३६.६४ | १००,०००.०० | १००,०००.०० |
